ब्रिटिश गोर्खाज नेपाल British Gurkhas Nepal

ARMY BE THE BEST

# गोर्खाली खबर

Gorkhali Khabar

भू.पु.गोर्खाकालागि समाचारपत्र | Newsletter for ex-British Gurkhas

अङ्क १६, अगष्ट २०२६ Edition 16, August 2026



# भावपूर्ण श्रद्धाञ्जली




## निर्मल 'निम्स' पुर्जा एम बि इ
## ई.सं. १९८३ – २०२६

ब्रिटिश गोर्खाज नेपालको तर्फबाट हामी निर्मल 'निम्स' पुर्जा एम बि इ को परिवार, साथीभाइ र सहकर्मीहरू, तथा ब्रोड पिक (Broad Peak) को हिमपहिरोमा ज्यान गुमाउनुभएका सबैका परिवारप्रति गहिरो संवेदना प्रकट गर्दछौं। नेपालले एक असाधारण छोरा गुमाएको छ। ब्रिगेड अफ गोर्खाजले आफ्नो एक सदस्य गुमाएको छ। संसारले यस्तो मानिस गुमाएको छ जसको साहस, दृढ संकल्प र उपलब्धिले लाखौंलाई प्रेरणा दियो। निम्सले आफ्नो अद्भुत यात्रा एक गोर्खा सैनिकको रूपमा शुरू गरेका थिए। उनको सैन्य सेवालाई परिभाषित गर्ने गुणहरू - साहस, अनुशासन, बफादारिता, सहनशीलता र अटुट इच्छाशक्ति - ले नै पछि उनलाई पृथ्वीको सबैभन्दा उच्च र कठिन ठाउँहरूमा पुर्यायो। तर निम्सले हिमाल चढ्ने मात्र काम गरेनन्।

उनका उपलब्धिहरूले नेपाल, गोर्खा समुदाय र उनको यात्रालाई पछ्याउने सबैका लागि ठूलो गर्व ल्यायो। निम्सले गोर्खालीहरूले गहिरो रूपमा बुझेको भावनालाई साकार पारे: बाटो खतरनाक हुँदा साहस देखाउने, चुनौतीको अगाडि विनम्र रहने र अरू पछि हट्दा पनि आफु अघि बढ्ने दृढ संकल्प राख्ने। हामी उनीसँगै ज्यान गुमाउने अन्य साहसी पर्वतारोहीहरूलाई सम्झन्छौं। उनीहरू फरक देश र पृष्ठभूमिबाट आएका थिए, तर हिमालप्रतिको माया र केही नयाँ खोज्ने, संघर्ष गर्ने र प्राप्त गर्ने मानवीय चाहनाले एक भएका थिए। ज्यान गुमाएका हरेक जीवनप्रति हामी शोक व्यक्त गर्दछौं। निम्सको परिवार र प्रियजनहरूमा हामी हार्दिक सहानुभूति प्रकट गर्दछौं। हामी आशा गर्दछौं कि उनको जीवनले नेपाल र संसारभरका मानिसहरूलाई छोएको थियो भन्ने कुराले उहाँहरूलाई शक्ति दिनेछ।

निम्स, तिम्रो आत्माले शान्ति पाओस्। तिम्रो साहसले तिमीलाई असम्भवभन्दा पर पुर्यायो। तिम्रो विरासतले अरूलाई पनि त्यसतर्फ अघि बढ्न प्रेरित गरिरहनेछ।

महासेनानी ड्यान रेक्स एम भी ओ
कमाण्डर, ब्रिटिश गोर्खाज नेपाल

## BGWCC (ब्रिटिश गोर्खाज कल्याणकारी समन्वय केन्द्र) द्वारा यु के टीम गोर्खाको नेपालमा परियोजना भ्रमण

यू के टीम गोर्खाले पोखरा भ्रमण (९–१० जुन) को क्रममा रक्षा सचिव श्री केदारनाथ शर्मा र सहसचिव श्री ज्ञानेन्द्र पौडेलको आतिथ्य गर्न पाउँदा गर्व महशुस गरेको छ । यस भ्रमणले भूतपूर्व सैनिक, उनीहरूका परिवार र समुदायलाई पुर्याइँदै आएको व्यापक सहयोगलाई उजागर गरेको छ ।





रक्षा सहचारी महासेनानी ड्यान रेक्स एम भी ओ, गोर्खा वेलफेयर ट्रष्ट नेपाल र कादुरी एग्रिकल्चरल एड असोसिएशनका साझेदारहरूसँगै यस प्रतिनिधिमण्डलले कल्याणकारी तथा स्वास्थ्य सेवा प्रवाहको प्रत्यक्ष अवलोकन गर्यो । साथै, उनीहरूले सीप, शिक्षा र जीविकोपार्जनका माध्यमबाट नयाँ अवसरहरू सिर्जना गर्ने दीर्घकालीन पहलहरूको पनि निरीक्षण गरे ।



डोल्पा र बागलुङमा उनीहरूले लघुजलविद्युत् तथा खानेपानी आयोजनालगायतका महत्त्वपूर्ण पूर्वाधार परियोजनाहरूको उद्घाटन गरे, जसले दुर्गम समुदायका मानिसहरूको जीवनमा परिवर्तन ल्याएको छ । यस भ्रमणले भूतपूर्व गोर्खा सैनिकहरूलाई सहयोग गर्ने र देशभरका समुदायलाई सशक्त बनाउने संयुक्त अधिराज्य (यू के) को निरन्तर प्रतिबद्धतालाई अझ मजबुत बनाएको छ ।

## वार्षिक प्रशिक्षण र बिकास सप्ताह तथा कमाण्डर्स कप (ATDW Commander's Cup)



वार्षिक प्रशिक्षण र बिकास सप्ताह तथा कमाण्डर्स कप (Annual Training and Development Week - ATDW 26) बि जी एन का सम्पूर्ण सैन्य एवं गैर-सैन्य स्टाफ र उनीहरूका परिवारका लागि प्रशिक्षण र खेलकुदमा सहभागी हुने एक विशेष अवसर थियो । मार्च २४-२५ मा आयोजित दुई दिने यस कार्यक्रममा बि जी एन का स्टाफ र परिवारले उत्साहपूर्ण सहभागिता जनाएका थिए, जसको महासेनानी ड्यान रेक्स एम भी ओ, कमाण्डर बि जी एन ले कार्यक्रमको समापनमा प्रशंसा गर्नुभयो ।

यस वर्षको कार्यक्रम सैन्य र गैर-सैन्य स्टाफका सहयोगमा सेनानी सूर्य गुरुङ, वारन्ट अफिसर १ (WO1) महेश पालुङ्वा, र वारन्ट अफिसर २ (WO2) अम्बिका काम्बाङको संयुक्त प्रयासमा बि जी एन काठमाडौंमा सफलतापूर्वक आयोजना गरिएको थियो ।








## बुद्ध जयन्तीमा बुद्ध शिक्षाको महत्त्वको स्मरण

२५७० औं बुद्ध जयन्ती को अवसरमा १ मे मा बि जी एन काठमाडौंमा आयोजित प्रवचन तथा पूजा कार्यक्रममा बि जी एन का स्टाफ र परिवारजनले आचार्य पासाङ वाङ्दु शेर्पाबाट भगवान बुद्धका शिक्षा सम्बन्धी प्रवचन सुन्ने सौभाग्य पाए। बुद्ध जयन्ती भगवान बुद्धको जीवन, ज्ञान प्राप्ति, र परिनिर्वाण (अन्तिम मुक्ति) को उत्सव हो। महासेनानी ड्यान रेक्स एम भी ओ, कमाण्डर बि जी एन ले भगवान बुद्धका शिक्षालाई हाम्रो दैनिक जीवनमा उतार्नुपर्ने कुरामा जोड दिनुभयो।



यस शुभ अवसरमा आयोजित विशेष कार्यक्रमको नेतृत्त्व सेनानी किरण पुन एम भी ओ, गोर्खा मेजर बि जी एन र सार्जन्ट जगत प्रसाद रानाले गर्नुभएको थियो।



## बि जी एन का आर क्यु एम एस वारन्ट अफिसर २ (WO2) ङदी शेर्पा नेटो चेस च्याम्पियनशिपका लागि छनौंट



वारन्ट अफिसर २ (WO2) ङदी शेर्पा (क्यु ओ जी एल आर), हाल आर क्यु एम एस (RQMS) बि जी एन, अक्टोबर ११-१७, २०२६ मा जुर्मला, लाटभियामा हुने नेटो (NATO) चेस च्याम्पियनशिपमा बेलायती सशस्त्र बलको प्रतिनिधित्त्व गर्नका लागि छनौंट हुनुभएको छ। हालै सम्पन्न बेलायती सशस्त्र बल चेस च्याम्पियनशिपमा रोयल एयर फोर्स, रोयल नेभी, बेलायती सेना, भूतपूर्व सैनिक र निजामती सेवा लगायतका विभिन्न क्षेत्रका दक्ष र अनुभवी प्रतिस्पर्धीहरूलाई हराउँदै उनले उत्कृष्ट प्रदर्शन गर्नुभएको थियो।



३६ औँ वर्षमा प्रवेश गरेको यस नेटो प्रतियोगिता निकै प्रतिष्ठित मानिन्छ, जसमा करिब २० नेटो राष्ट्रहरूका झण्डै १०० प्रतिस्पर्धीहरू सहभागी हुन्छन्। यस प्रतियोगितामा चेसको स्तर निकै उच्च हुन्छ र धेरै अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरूले यसमा भाग लिन्छन्। बेलायती शसस्त्र बलका ६ जना खेलाडीहरूको टोलीमा सैनिक र रक्षा मन्त्रालयका कर्मचारीहरूको मिश्रण रहनेछ, जसले क्लासिकल चेसको सात राउन्डहरू खेल्नुपर्नेछ।

## अभ्यास खुकुरी रेस्पोन्डर (Ex Khukuri Responder)

मुख्यालय बि जी एन (HQ BGN) को वार्षिक 'अभ्यास खुकुरी रेस्पोन्डर २६' मार्च २३-२४ मा गरिएको संयुक्त तयारीपछि सफलतापूर्वक सम्पन्न भयो । यस अभ्यास मार्फत मुख्यालय बि जी एन ले सामूहिक तालिमको माध्यमबाट संकटकालीन अवस्थाका लागि पूर्वतयारी र विपद् व्यवस्थापनका लागि आफ्ना कर्मचारी र विभिन्न साझेदारहरूको क्षमता निरन्तर अभिवृद्धि गर्दै आएको छ ।

यस अभ्यासलाई सफल बनाउन नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, र नेपाल सरकारको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका साथै काठमाडौंस्थित बेलायती दूतावास र गोर्खा वेलफेयर ट्रष्ट (नेपाल) जस्ता बि जी एन का साझेदारहरूको सहकार्य मुख्य भूमिका रह्यो । महासेनानी ड्यान रेक्स एम भी ओ, कमाण्डर बि जी एन ले सम्पूर्ण सहभागीहरूलाई उनीहरूको अमूल्य योगदानका लागि धन्यवाद दिनुभयो । 'अभ्यास खुकुरी रेस्पोन्डर २६' को नेतृत्त्व सह-सेनानी सन्तोष गुरुङले गर्नुभएको थियो ।






## अभ्यास पि एस के (Ex PSK) द्वारा वेलफेयर सेवालाई सहयोग

नेपालभर रहेका एरिया वेल्फेयर सेन्टर (AWC) हरूमा सञ्चार तथा सूचना प्रणाली (Communications and Information Systems (CIS)) को सञ्चालन दक्षता सुनिश्चित गर्ने उद्देश्यका साथ सन् २०२६ जुन ८ देखि १५ सम्म ब्रिटिश गोर्खाज नेपालको 'अभ्यास पश्चिम सिग्नल खुकुरी २६/०२' सञ्चालन गरियो । गोर्खा वेल्फेयर ट्रष्ट अन्तर्गतका यी सेन्टरहरूले नेपालका १९ भन्दा बढी स्थानहरूबाट भूतपूर्व गोर्खा सैनिकका परिवार र समुदायहरूलाई आवश्यक स्वास्थ्य तथा कल्याणकारी सेवाहरू प्रदान गर्दै आएका छन् ।




यस अभ्यासको नेतृत्व स्टाफ सार्जन्ट टेकबहादुर राना, कर्पोरल सूर्य गुरुङ, लान्स कर्पोरल तीर्थ तामाङ र लान्स कर्पोरल सुजन तामाङ को टोलीले गरेको थियो, जसलाई एम टी (MT) विभागका श्री मोहन तामाङ र श्री जितबहादुर माझीले सहयोग गर्नुभएको थियो ।

अभ्यासका क्रममा यस टोलीले ए डब्लु सी (AWC) लमजुङ, गोरखा, तनहुँ, चितवन र भेरी लगायतका विभिन्न स्थानहरूमा पुगेर कार्य सम्पादन गरेको थियो ।

## आर जी आर को ३२औं स्थापना दिवस

रोयल गोर्खा राइफल्स (RGR) को ३२औं स्थापना दिवस गत जुलाई २५ का दिन बि जी एन काठमाडौंमा उत्साहका साथ मनाइयो । महासेनानी ड्यान रेक्स एम भी ओ, कमाण्डर बि जी एन; प्रमुख सेनानी रब ब्राउन, उप-कमाण्डर बि जी एन; सेनानी (सेवानिवृत्त) बालकृष्ण राना एम बि इ, अध्यक्ष रेजिमेन्टल असोसिएशन नेपाल (RAN) को उपस्थिति रहेको उक्त कार्यक्रममा सेवारत सैनिक, आर जी आर का भूतपूर्व सैनिक र साझेदारहरूको उत्साहजनक सहभागिता रहेको थियो । यस अवसरमा आर जी आरका कर्नल ब्रिगेडियर डेभिड थोमस प्याक (OBE), १ आर जी आर (1RGR) का कमाण्डिङ अफिसर प्रमुख सेनानी जन जेफकोट र २ आर जी आर (2RGR) का कमाण्डिङ अफिसर प्रमुख सेनानी पिटर हुल्टन-हार्ट एम बि इ ले भिडियो सन्देशमार्फत स्थापना दिवसको शुभकामना व्यक्त गर्नुभएको थियो ।

आर जी आर ३२औं स्थापना दिवस कार्यक्रमको संयोजन आर जी आर रेजिमेन्टल असोसिएशनका अध्यक्ष सेनानी (सेवानिवृत्त) हितमान गुरुङ, कार्यक्रम निर्देशक गोर्खा मेजर बि जी एन सेनानी किरण पुन एम भी ओ र योजना अधिकृत कलर सार्जन्ट आवास लिम्बुले गर्नुभएको थियो ।




## जी एस पी एस १५औं वार्षिकोत्सव

बि जी एन मा कार्यरत गोर्खा स्टाफ एण्ड पर्सनेल सपोर्ट (GSPS) का सदस्यहरूले सामुदायिक भावना, वातावरणीय संरक्षण र परोपकारी सेवामूलक विभिन्न कार्यक्रमहरू आयोजना गरी जी एस पी एस को १५औं वार्षिकोत्सव मनाएका छन्।

कार्यक्रमहरूमध्ये गोदावरी बोटानिकल गार्डेन (वनस्पति उद्यान) मा वृक्षारोपण, जी एस पी एस रेजिमेन्टल असोसिएशन नेपाल (RAN) का भूतपूर्व गोर्खा सैनिकहरूसँग उत्सव भोजन, र 'गोर्खा म्युजियम ट्रष्ट' मार्फत 'प्रोजेक्ट काइदा' (Project Kaida) लाई सहयोगस्वरूप प्रदान गरिने काठमाडौं उपत्यकाव्यापी परोपकारी माउन्टेन बाइक (MTB) र्‍याली थियो । जी एस पी एस को १५ वर्षको सेवाको कदरस्वरूप आयोजना गरिएको यस र्‍यालीमा १५ वटा ऐतिहासिक स्थलहरूको परिक्रमा गरिएको थियो ।



## बि जी एन द्वारा १० जना गैर-सैनिक कर्मचारीहरूलाई बिदाइ

वर्षौं लामो उत्कृष्ट र समर्पित सेवापश्चात् बि जी एन का १० जना गैर-सैनिक कर्मचारीहरूले ३१ जुलाइमा औपचारिक अवकाश लिएका छन्। यहीं अवसरमा बि जी एन ले उनीहरूको सेवाको कदर गर्दै बिदाइ कार्यक्रम आयोजना गरेको थियो।



बि जी एन काठमाडौंमा सैनिक तथा गैर-सैनिक कर्मचारीहरूको उपस्थितिमा आयोजित एक कार्यक्रममा कर्मचारीहरू - श्रीमती दुर्गा तामाङ, श्री रामकुमार गुरुङ, श्री गणेशकुमार श्रेष्ठ, श्री पासाङ तामाङ, श्रीमती लक्ष्मीमाया लिम्बु, श्रीमती शोभा थापामगर, श्री बसन्तराम थापामगर, श्री निरबहादुर सुनुवार, श्री निमा तामाङ र श्री खेचरबहादुर खत्रीलाई महासेनानी ड्यान रेक्स एम भी ओ, कमाण्डर बि जी एन; श्री टोबी ओशन्नेसी, सिभिल सेक्रटरी बि जी एन; सेनानी किरण पुन एम भी ओ, गोर्खा मेजर बि जी एन र सेनानी चन्द्र लिम्बु, डेपुटी चिफ अफ स्टाफ बि जी एन द्वारा प्रशंसा-पत्र तथा सम्मान प्रदान गरिएको थियो।

यसै अवसरमा बि जी एन परिवारमा हालसाल जोडिनुभएका नयाँ गैर-सैनिक कर्मचारीहरूलाई स्वागत गरिनुका साथै उत्कृष्ट कार्यसम्पादन गरे बापत प्राप्त गरिने 'बि जी एन कमाण्डर्स क्वाइन' र 'रेकग्नाइजिङ एक्स:लेन्स (REx)' अवार्ड बिजेता कर्मचारीहरूलाई बधाई ज्ञापन गरियो।

*कमाण्डर्स क्वाइन प्राप्तकर्ताहरू:*

श्री रिन्जी तामाङ, श्री रामकुमार गुरुङ, श्री ज्ञानलाल पोडे, श्री पासाङ तामाङ।

*नयाँ कर्मचारीहरूलाई स्वागत:*

सेनानी (सेवानिवृत्त) धीरबहादुर खोर्जा पुन, श्री शुभम भुजेल, श्रीमती निरू रूपाखेती, श्री अमन शाही, श्री सुनिल खड्का, श्री बिजेश शाक्य, सुश्री दिपिना रानामगर, श्री महेश चौधरी, श्रीमती सुशीला गुरुङ, श्री प्रवास आले।

*REx अवार्ड विजेताहरू:*

सुश्री अमृतकुमारी थापा, श्री राजप्रकाश मानन्धर, सुश्री गंगा थापा, श्री ललित आलेमगर, सुश्री सलिना तामाङ, श्रीमती लक्ष्मीमाया लिम्बु, श्री सुमन तामाङ, श्री सञ्जय राई, श्रीमती पुष्पा थापा, सुश्री कविता श्रेष्ठ।




यस कार्यक्रमको सफलतापूर्वक संयोजन बि जी एन सिभ सेक (Civ Sec) तथा एच आर (HR) विभागद्वारा गरिएको थियो।

## रेजिमेन्टल असोसिएशन नेपाल (RAN)

### कर्णल अफ द रेजिमेन्ट महासेनानी जी सगडन, कमाण्डर प्रमुख सेनानी एन हेप्पेनस्टल एम बि इ र गोर्खा मेजर सेनानी विभेक जङ्ग शाह एम भी ओ  एम बि इ क्यु ओ जी एल आर रेजिमेन्टल असोसिएशन नेपाल (RAN) सँग भेटघाटमा सरीक

कर्णल अफ द रेजिमेन्ट महासेनानी जी सगडन (Col G Sugdon), कमाण्डर प्रमुख सेनानी एन हेप्पेनस्टल एम बि इ (Lt Col N Heppenstall MBE) र गोर्खा मेजर सेनानी विभेक जङ्ग शाह एम भी ओ  एम बि इ (Maj Vivekjung Shah MVO MBE) ले QOGLR RAN का पदाधिकारी तथा सदस्यहरूसँग भेटवार्ता गर्नुभयो ।

सन् २०२६ को मार्च र मे महिनामा गरी दुई पटक QOGLR रेजिमेन्टल असोसिएशन नेपालको छोटो भ्रमणमा आउनुभएका रेजिमेन्टका कर्णल, कमाण्डर र गोर्खा मेजरलाई स्वागत गर्न पाउनु QOGLR RAN का लागि ठूलो सम्मानको कुरा हो । रेजिमेन्टका कर्णल, कमाण्डर र गोर्खा मेजरको नियुक्ति भएपछिको यो उहाँहरूको पहिलो नेपाल भ्रमण थियो ।

QOGLR RAN का अध्यक्ष सेनानी (भुतपूर्व) बी के राना एम बि इ (Maj BK Rana MBE) ले उहाँहरूलाई QOGLR खादा ओढाएर स्वागत गर्नुभएको थियो । त्यसपछि उहाँले QOGLR RAN का हालका गतिविधिहरू, विशेष गरी धरानस्थित 'ब्रिटिश गोर्खा मेमोरियल पार्क' मा निर्माण भइरहेको QOGLR स्मारक (Monument) को बारेमा जानकारी गराउनुभयो । स्वागत कार्यक्रमपछि ब्रिटिश गोर्खाज नेपाल (BGN) मा कार्यरत शेफहरूद्वारा तयार पारिएको स्वादिष्ट गोर्खा दिवाभोजको आयोजना गरिएको थियो । रेजिमेन्टका केही विविध कुराकानीहरू पश्चात अपराह्न १५:०० बजे (३ बजे) सामूहिक तस्विर खिचेपछि भेटघाट कार्यक्रम समापन भएको थियो ।





बाँयाको तस्विर:

उभिएका (बाँयाबाट): स्टाफ सार्जन्ट (SSgt) मुकेश राई, आसमान राई, ज्ञानबहादुर लिम्बु (MVO), मोहन थापा, सोभित हमाल ठकुरी (MVO), वारेन्ट अफिसर क्लास २ (WO2) ङादी शेर्पा र सार्जन्ट (Sgt) विश्वराज लिम्बु ।

बसेका (बाँयाबाट): यमप्रसाद गुरुङ, सेनानी विवेकजङ्ग शाह (MVO MBE), महासेनानी जी सग्डन, बीके राना (MBE), प्रमुख सेनानी आर ब्राउन र मोतीप्रसाद आले ।

दाँयाको तस्विर:

उभिएका (बायाँबाट): लान्स कर्पोरल (LCpl) सुजन लामा, सार्जन्ट (Sgt) विश्वराज लिम्बु, भुपेन्द्र लिम्बु, चन्द्र लिम्बु, वारन्ट अफिसर क्लास २ (WO2 / RQMS) ङादी शेर्पा, आसमान राई र सार्जन्ट (Sgt) ताराबहादुर घर्ती मगर ।

बसेका (बायाँबाट): यमप्रसाद गुरुङ, सेनानी विवेकजङ्ग शाह (MVO MBE), बीके राना (MBE), प्रमुख सेनानी एन हेप्पेनस्टल (MBE), सोभित हमाल ठकुरी (MVO) र मोहन थापा ।

## कास्की आवास गृहका लागि दीर्घकालीन सहयोग

- गोर्खा वेलफेयर ट्रष्ट (नेपाल) GWT(N)

गत वर्ष कास्की आवास गृहमा बनाइएको नयाँ ढुङ्गेधाराको उद्घाटन गरिएको थियो। यो सुन्दर आयोजना स्व. श्रीमती म्यकरोबीले आफ्नो वसीयतमार्फत दिनुभएको उदार सहयोगको कारण सम्भव भएको हो। वहाँको सहयोगका कारण आवास गृह परिसरमा ढुङ्गेधारा निर्माण गर्न, प्रत्येक बासिन्दाका लागि रेडियो र सामूहिक प्रयोगका लागि चार वटा ट्याब्लेट उपलब्ध गराउन सम्भव भएको छ।



ट्याब्लेट विशेष गरी बिरामी भएका वा मनोरञ्जन कक्षसम्म हिँडेर जान नसक्ने बासिन्दाका लागि निकै उपयोगी छन्। यसले गर्दा वहाँहरू आफ्नो कोठामै बसेर पनि मनोरञ्जन लिन र आफन्तसँग सम्पर्कमा रहन सक्छन्।

नयाँ ढुङ्गेधाराले बासिन्दाका लागि विशेष अर्थ राख्छ। आवास गृहका प्रशासन संयोजक पूर्ण बहादुर राणाले भन्नुभयो, "हामीले प्रवेशद्वारमा राम्रो धारा बनाउन धेरै पहिलेदेखि चाहेका थियौं, तर सम्भव भएको थिएन। श्रीमती म्याकरोबीको सहयोगका कारण अहिले हामीसँग पुराना गाउँघरमा हुने जस्तै सुन्दर ढुङ्गेधारा बनेको छ। यसले यहाँका बासिन्दाहरूलाई आफ्नै गाउँघरको जस्तो अनुभव र विगतको सम्झना दिलाउँछ।"

वहाँले थप भन्नुभयो, "GWT ले धेरै वर्षअघि रेडियो दिएको थियो जुन सबैलाई मन परेको थियो। तर ती रेडियो निकै पुराना र मर्मत गर्न नसकिने अवस्थामा परिणत भएका थिए। धेरै बासिन्दाले रेडियोको माग गरिरहेको थिए, र अब त्यो सम्भव भएको छ।"

८६ वर्षीय रम्बादेवीले भन्नुभयो, "नयाँ ढुङ्गेधारा निर्माण भएकोमा म धेरै खुशी छु। म हरेक बिहान भगवानको पुजा गर्छु जसमा शुद्ध पानी चढाउनुपर्छ। यहाँ सानो मन्दिर छ, र अब यस धाराबाट सजिलै शुद्ध पानी ल्याएर चढाउन सकिन्छ।"

"रेडियोको लागि पनि धन्यवाद। यो निकै उपयोगी भएको छ। आज बिहान मैले समाचार र भजन सुनें।"

अर्का बासिन्दा पदम प्रसाद प्रधानले पनि आफ्नो खुशी व्यक्त गर्नुभयो, "सेनाबाट फर्केपछि म गाउँमा मेसिन र रेडियो मर्मत गर्ने काम गर्थें। यो रेडियोले मलाई ती पुराना दिनहरूको सम्झना दिलायो। धेरै धन्यवाद, म अत्यन्त आभारी छु।"

हामीलाई श्रीमती म्याकरोबीले आफ्नो वसीयतमा सम्झनुभएकोमा अत्यन्त कृतज्ञ छौं। वहाँको उदार सहयोगले कास्की आवास गृहका सबै बासिन्दाको जीवनमा सकारात्मक परिवर्तन ल्याएको छ। यसले परम्परा जोगाउन, दैनिक जीवन सहज बनाउन र बासिन्दालाई आफ्ना परिवारसँग बलियो सम्बन्ध राख्न मद्दत गरेको छ।



## जापानी तथा बेलायती उप-राजदूत बि जी एन मा



जापान र बेलायत दुवै देशका उप-मिशन प्रमुखहरूलाई मुख्यालय बि जी एन मा एप्रिल १५ मा एकैसाथ स्वागत गरियो । महासेनानी ड्यान रेक्स एम भी ओ, कमाण्डर बि जी एन; प्रमुख सेनानी रब ब्राउन, उप-कमाण्डर बि जी एन; सेनानी किरण पुन एम भी ओ, गोर्खा मेजर बि जी एन तथा अन्य बि जी एन अधिकारीहरूले नेपालका लागि जापानी उप-राजदूत श्री यासुहारू सिन्तो र बेलायती उप-राजदूत डा. लुक ब्यूमोन्टलाई स्वागत गर्नुभयो ।

## सिङ्गापुर प्रहरी बलका TRACOM कमाण्डरद्वारा बि जी एन लाई प्रशंसा चिनो प्रदान



सिङ्गापुर प्रहरी बल (Singapore Police Force (SPF)) को तालिम कमाण्ड (Commander Training Command (TRACOM)) का कमाण्डर एस ए सी (SAC) एल्विन चोङ र नेतृत्व तथा कार्यकारी तालिम स्कुल (Commanding Officer Leadership and Executive Training School (LETS)) का कमाण्डिङ अफिसर प्रहरी उपरीक्षक (SUPT 1A) तोह पेई लियानलाई ११ जुनमा बि जी एन काठमाडौंमा स्वागत गर्ने अवसर मिल्यो । वहाँहरूलाई बि जी एन काठमाडौं मुख्यालयका अधिकृत तथा कर्मचारीहरूले स्वागत गरेका थिए ।

यस अवसरमा एस ए सी एल्विन चोङले सिङ्गापुर प्रहरी बलको तालिम कमाण्डलाई पुऱ्याएको सहयोगको कदर गर्दै बि जी एन लाई 'प्रशंसाको चिनो' (Token of Appreciation) प्रदान गर्नुभयो । उक्त चिनो सेनानी सूर्य गुरुङ, आर ए ओ ले बि जी एन को तर्फबाट ग्रहण गर्नुभयो ।

त्यसैगरी, बि जी एन काठमाडौंका अधिकृत तथा स्टाफलाई प्रशंसाको चिनो र सिङ्गापुर प्रहरी बलका अधिकारीहरूलाई प्रशंसा पत्र (Certificate of Appreciation) प्रदान गरिएको थियो ।

## एभरेष्ट एक्सपेडिसन (सगरमाथा आरोहण दल)

मे २१ मा सगरमाथाको सफल आरोहण गरेका बेलायती सशस्त्र बलको टोलीले २६ मे का दिन काठमाडौंस्थित बेलायती दूतावासमा महामहिम राजदूत रब फेनसँग भेटेर आफ्नो अनुभव सुनाउने अवसर मिलेको थियो ।



आरोहण दलका सदस्यहरू:
सेनानी जो एडमसन, सेनानी केट थम्पसन, प्रमुख सेनानी राज जोशी, उप-सेनानी जेकब सार्जन्ट, वारन्ट अफिसर २ अवतार गिल, स्टाफ सार्जन्ट रायन म्याकग्रेगर, सार्जन्ट सिलास सिम्पसन, सार्जन्ट भिन्स सुलेमान, कर्पोरल विल गोडार्ड, लान्स कर्पोरल क्रिस ह्वाइट, लान्स कर्पोरल किशोर थापा, राइफलम्यान विजय राना, सार्जन्ट अली होल्म्यान - रोयल मरिन चीफ इन्स्ट्रक्टर ।

## सम्पर्क विवरणहरू:

**गोर्खा भेट्रन्स एड्भाइस सेन्टर्स (जिभ्याक)**
**Gurkha Veterans' Advice Centres (GVAC)**

| | | |
|---|---|---|
| **पेन्सन** | काठमाडौं- ०१-४२३५३२२ | bgn-vs-gvack-groupmailbox@mod.gov.uk |
| | पोखरा- ०६१- ५६७२५१ | bgn-vs-gvacp-groupmailbox@mod.gov.uk |
| | धरान- ०२५-५३६९९२ | bgn-vs-gvacd-groupmailbox@mod.gov.uk |
| **रेकर्ड्स** | काठमाडौं- ०१-४२३५३२४ | bgn-vs-gvack-groupmailbox@mod.gov.uk |
| | पोखरा- ०६१-५६७२५१ | bgn-vs-gvacp-groupmailbox@mod.gov.uk |
| | धरान- ०२५-५७९११९० | dipakarki.thapa118@mod.gov.uk |
| **गोर्खा सेटलमेन्ट अफिस** | काठमाडौं- ०१-४२३५३२९ | bgn-vs-gso-groupmailbox@mod.gov.uk |
| | पोखरा- ०६१-५६७२५१ | bgn-vs-gvacp-groupmailbox@mod.gov.uk |
| | धरान- ०२५-५७९११८९ | gvacdharan@bgp.com.np |


**मुख्यालय, ब्रिटिश गोर्खा नेपाल**
मानभवन ,ललितपुर
बि एफ पी ओ ४
नेपाल

**Headquarters, BRITISH GURKHAS NEPAL**
Manbhawan, Lalitpur
British Forces Post Office 4
Nepal

BFBS Gurkha – c/o HQ BGN, BFPO 4


**अपरेशनमा नी:शुल्क वेलफेयर पार्सल पठाउन सकिने बारे सूचना**
अपरेशनमा परिचालित सेवारत सिपाहीहरूलाई परिवार सदस्यहरूले मुख्यालय बि.जी.एन, काठमाडौंबाट सानो वेलफेयर पार्सल (अधिकतम् २ कीलो; करीब A4 पेपर साइजको; अचार जस्ता नष्ट हुने खालका खाद्य पदार्थ, सुर्तीजन्य पदार्थ र घ्यू जस्ता एफ.पी.ओ. द्वारा निषेधित सामान नसमेटी ) नी:शुल्क पठाउन सक्नेछन् ।

**Notice on Sending Welfare Parcels to Personnel in Operations**
Family members of serving personnel deployed on Operations are eligible to post small welfare parcels (maximum 2 k.g; size roughly A4 size paper; not including items restricted by FPO like perishable food like chutney/pickle, tobacco products, ghee etc.) for free from HQ BGN, Kathmandu.

**Contact: BGN FPO, Ph. 01-4235236; e-mail: BGN-SNCO-FPO-GroupMail@mod.gov.uk**

जरूरी सूचना र सम्पर्कमा रहनको लागि ब्रिटिश गोर्खा नेपालको फेसबुक पेज लाइक र फलो गर्नुहोला
For important updates and to stay connected, like and follow British Gurkhas Nepal on Facebook
British Gurkhas Nepal @BritishGurkhasNepal
https://www.facebook.com/BritishGurkhasNepal/

https://www.army.mod.uk/learn-and-explore/about-the-army/corps-regiments-and-units/brigade-of-gurkhas/british-gurkhas-nepal/

**<u>Headquarters British Gurkhas Nepal Media Points of Contact:</u>**


Major Kiran Pun MVO
Gurkha Major; Media Officer

Gaurav Chandra Gurung
Communications Officer
GauravChandra.Gurung125@mod.gov.uk